# शारदा नगरपालिका

## नगर सभाको १८औं अधिवेशन

बैठक संख्या नं. १ र २ | स्थानः नगरपालिका भवन | मिति २०८२/०८/१६ गते

समयः विहान ११ बजे

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून स्वीकृत सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐनमा संसोधन सहित राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
४. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
७. विधायन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. सामाजिक समितिको प्रतिवेदन सम्बन्धमा ।
९. कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति प्रतिवेदन सम्बन्धमा ।
१०. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को अङ्कभार अनुमोदन सम्बन्धमा ।
११. पद दर्ता सम्बन्धमा ।
१२. कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१३. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
१४. योजना संसोधन तथा रकमान्तर सम्बन्धमा ।
१५. संघ तथा प्रदेश सरकारलाई माग गर्ने योजना विवरण अनुमोदन सम्बन्धमा ।
१६. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको अद्यावधिक विवरणको जानकारी सम्बन्धमा ।
१७. महालेखा परीक्षकको कार्यालयको आ. व. २०८२/८३ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
१८. अख्तियारी सम्बन्धमा ।
१९. विविध ।

प्रकाश भण्डारी
नगर प्रमुख

**निर्णय नं. १**

शारदा नगरपालिकाको नगर सभाको १७औं अधिवेशलले गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

यस शारदा नगरपालिकाको नगर कार्यपालिकाको ५८औं बैठकले अनुमोदन गरी नगर सभा समक्ष पेश गरेको **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२** लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

आर्थिक ऐन, २०८२ मा केही राजश्वका दरहरु हेरफेर र केही नयाँ दरहरु थप गर्ने गरी यस नगरपालिकाका उप प्रमुख तथा राजश्व परामर्श समितिका संयोजक सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची १ बमोजिमको प्रतिवेदनमा नगर सभाबाट प्राप्त सुझाव सहित अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस नगरपालिकाका उप प्रमुख तथा न्यायिक समितिका संयोजक सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची २ बमोजिमको न्यायिक समितिको आ. व. २०८२/८३ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

वडा नं २ का वडा अध्यक्ष एवं सुशासन तथा स्थानीय सेवा समितिका संयोजक श्री सविन हमालले पेश गर्नु भएको अनुसूची ३ बमोजिमको सुशासन तथा स्थानीय सेवा समितिको आ. व. २०८२/८३ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

वडा नं १२ का वडा अध्यक्ष एवं अर्थ तथा सार्वजनिक लेखा समितिका संयोजक श्री सुरेन्द्र बुढाले पेश गर्नु भएको अनुसूची ४ बमोजिमको अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८२/८३ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

वडा नं ९ का अध्यक्ष तथा विधायन समितिका संयोजक श्री हेमेन्द्र कुमार बुढाथोकीले पेश गर्नु भएको अनुसूची ५ बमोजिमको विधायन समितिको आ. व. २०८२/८३ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

यस नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष एवं सामाजिक समितिका संयोजक श्री तुलसा भण्डारीले पेश गर्नु भएको अनुसूची ६ बमोजिमको आ. व. ०८२/८३ को सामाजिक समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस नगरपालिका वडा नं. १५ का वडा अध्यक्ष एवं कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिका संयोजक श्री लोकमान बुढाथोकीले पेश गर्नु भएको अनुसूची ७ बमोजिमको आ. व. ०८२/८३ को कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

कार्यपालिकाको मिति २०८२/०८/१५ को बैठकबाट स्वीकृत भई सभामा पेश हुन आएको आ.व.२०८१/०८२ को प्रारम्भिक रुपमा प्राप्त स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को अङ्कभार ९३ का सम्बन्धमा छलफल गरी अनुमोदन गरियो। साथै आगामी वर्षमा उच्च अङ्क प्राप्तीका लागि तदारुकताका साथ कार्यसम्पादन गर्न नगर सभाले कार्य वातावरण उपयुक्त बनाउने प्रतिवद्धता व्यक्त गरियो।

प्रकाश भण्डारी
नगर प्रमुख

**निर्णय नं. ११**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस शारदा नगरपालिकाका लागि स्वीकृत गरी पठाएको तपसीलको सातौं तह पशु चिकित्सक पदमा सातौं तह पशु विकास अधिकृत र चौथो तह सहायक कम्प्यूटर अपरेटर पदमा छैठौं कम्प्यूटर अधिकृत पदका कर्मचारी कार्यरत रहेको तथा स्थानीय तहको कानून निर्माण एवं न्यायिक समितिका काम कारवाहीलाई प्रभावकारी बनाउन एक (१) जना कानून अधिकृत भर्ना गर्न उपयुक्त भएकोले नगरपालिकाको आफ्नो श्रोतबाट नै निज कानून अधिकृतको सम्पूर्ण सेवा सुविधा व्यवस्थापन हुने गरी कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७ उपदफा ५ बमोजिम स्वीकृत गरी कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूची २ अनुसारको ढाँचामा कर्णाली प्रदेश मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश अभिलेखालयमा पद दर्ताका लागि पेश गर्ने निर्णय गरियो ।

तपसीलः

अनुसूची -२

(नियम ५ को उपनियम १ संग सम्बन्धित)

**स्थानीय तहमा रहने तह, पद र शैक्षिक योग्यता**

| सेवा | समूह | उपसमूह | तह | पदनाम | सेवा प्रवेशको लागि न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| स्थानीय कृषि सेवा | लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट | | ७ | पशु विकास अधिकृत | मान्यताप्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एनिमल साइन्स वा डेरी साइन्स) वा बि.टेक. (डेरी टेक्नोलोजी वा लाइभष्टक एक्सटेन्सन) वा बि.भि.एस्सी एण्ड ए.एच. वा सो सरह उत्तीर्ण | समान तह र समान शैक्षिक योग्यता भएको । |
| स्थानीय कानून सेवा | कानून | | ७ | कानून अधिकृत (प्रथम) | मान्यताप्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक वा सो सरह उत्तीर्ण | अति आवश्यक रहेको । |
| स्थानीय विविध सेवा | कम्प्यूटर | | ६ | कम्प्यूटर अधिकृत | ५औं तहका लागि न्यनतम् शैक्षिक योग्यता र एक तह स्तरवृद्धि | सरुवा भई आएको । |

प्रकाश भण्डारी
नगर प्रमुख

**निर्णय नं. १२**

यस नगरपालिकाको आ. व. २०८२/८३ मा बसेका नगर कार्यपालिकाका बैठक नं ५३ देखि ५८ सम्मका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नगरपालिका र अन्तर्गतका वडा तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनका आधारमा २०८२ माघ १ गते देखि २०८३ असार मसान्तसम्मका लागि करार सम्झौताको कार्य प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगरपालिकाको नगर सभाको १७औं अधिवेशनबाट स्वीकृत कार्यक्रमको आवश्यकताका आधारमा अनुसूची ८ बमोजिम योजनाको संसोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

आ. व. २०८३/८४ का लागि यस नगरपालिकाको विकास र समृद्धिमा टेवा पुग्ने अनुसूची ९ बमोजिमका योजना तथा कार्यक्रम संघ सरकारसंग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस शारदा नगरपालिकाको जिम्मेवारीमा रहेको तथा सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको अनुसूची १० बमोजिमको अद्यावधिक विवरण सहितको जानकारी नगरसभालाई गराइयो ।

**निर्णय नं. १७**

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक प्रतिवेदन उपर छलफल भई यसमा उल्लेख भएका बेरुजुका विषयहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिमा छलफल गरी पेश हुन आएको प्रतिवेदन अनुमोदन गर्नुका साथै बेरूजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस नगर सभा पश्चात कुनै योजना तथा कार्यक्रम आवश्यकताका आधारमा संसोधन वा रकमान्तर गर्नु परेमा र कुनै पनि श्रोतबाट नगरपालिकालाई आम्दानी प्राप्त भएमा नगर प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृतले रकमान्तर तथा आय संशोधन गर्न सक्ने गरी नगर सभाबाट अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(१) नगरपालिकाको काम कारवाही, सार्वजनिक सेवा प्रवाह, सुशासन प्रवर्द्धन, विकास निर्माण तथा कानून निर्माण एवं कार्यान्वयनमा क्रियाशील कर्मचारी, कानूनको परिपालना सहित सहकार्य गर्ने नागरिक, विकास साझेदार तथा हरदम सुझाव प्रदान गरी नगरपालिकाको विकास समृद्धिमा टेवा पुऱ्याउने सम्पूर्णमा आभार प्रकट गर्ने ।

(२) नगर सभाको १८औं अधिवेशनको गरिमा बढाउन पाल्नु भएका सम्पूर्ण पाहुना तथा जनप्रतिनिधि प्रति आभार प्रकट गर्ने ।

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-१

(निर्णय नं ३ संग सम्बन्धित)
शारदा नगरपालिका
खलंगा, सल्यान
नगर सभाको १८ औं अधिवेशन
मितिः २०८२/०८/१६

**राजश्व परामर्श समितिको आ. व. २०८२/८३ को अर्धवार्षिक प्रतिवेदन**

१. **पृष्ठभूमिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी राजश्व परामर्श समितिको गठन गरिएको हुन्छा यस शारदानगरपालिकाको आयको अनुमान तथा राजश्वको दायरा फराकिलो पारी नगरपालिकाको कुल आम्दानी बढाउने उद्देश्यका साथ नगर सभाबाट राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ। पालिकाको आयलाई अनुमान गरी योजना तर्जुमा तथा खर्चको योजना तयार गर्न सहज हुने हेतु राजश्व परामर्श समितिको गठन भएको हुन्छ।

**२. समितिको कार्यक्षेत्रः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु यस समितिको कार्यक्षेत्र हुन।

**३. समिति गठनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ। नगर उप प्रमुखको संयोजकत्वमा तपसिल वमोजिमका सदस्यहरु रहने गरी गठन गरिएको छ।

| | |
|---|---|
| १. नगर उप प्रमुख श्री सुस्मिता सापकोटा सुनार | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा | सदस्य |
| ३. कार्यपालिका सदस्य श्री प्राण कुमार राई | सदस्य |
| ४. कार्यपालिका सदस्य श्री रत्ना थापा | सदस्य |
| ५. अध्यक्ष, सल्यान उद्योग वाणिज्य संघ श्री विरेन्द्र प्रसाद श्रेष्ठ | सदस्य |
| ६. उपाध्यक्ष, घरेलु उद्योग महासंघ सल्यान श्री सावित्रा राई | सदस्य |
| ७. राजश्व इकाई प्रमुख श्री हरिभक्त भण्डारी | सदस्य सचिव |

**४. समितिले हालसम्म प्राप्त गरेका उपलब्धीहरु**

१. आर्थिक वर्ष २०८३ /८४ का लागि आन्तरिक आयको अनुमान गर्ने कार्य गरेको।

२. त्यसै गरी आगामी २ आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्य गरेको।

३. चालु आ.०८२ /८३ को आय अनुमान संशोधन गर्ने कार्य गरेको।

४. करको दररेट हेरफेर गर्ने कार्य गरेको।

**५. कार्य सम्पन्न गर्दा आइपरेका समस्या/चुनौती**

१. आन्तरिक आम्दानीका श्रोतहरु राजश्व प्रामर्श समितिले सिफारिष गरेको भन्दा बढी अनुमान गर्न र यथार्थ परक बजेट बन्न नसकेको
।

२. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाडफाँडबाट प्राप्त हुने रकम समेत प्रक्षेपण गरे बमोजिमको रकम प्राप्त हुन नसक्दा अनुमान र वास्तविकता बीच तालमेल नदेखिएको।

**६. आर्थिक ऐन, २०८२ मा गर्नु पर्ने संसोधन प्रस्तावः**

वडा नं १

प्रकाश भण्डारी
नगर प्रमुख

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी हालको मुल्य | संशोधित मूल्य रु |
|---|---|---|---|
| व्यावसायिक क्षेत्र | शान्तिनगरदेखि कर कार्यालय सम्म राप्ति राजमार्गलाई छोएको कित्ता ५० मिटर दायाँ बायाँ | ६० | ४० लाख |
| | कर कार्यालय देखि रुकुम चोक सम्म राप्ति राजमार्गलाई छोएको कित्ता ५० मिटर दायाँ बायाँ | ६० | ६० लाख |
| | रुकुम चोक देखि बेलघारी सम्म मदन भण्डारी राजमार्गले छोएको कित्ता ५० मिटर दायाँ बायाँ | थप | ४० लाख |
| | वेलघमरी देखि बास खोला सम्म मदन भण्डारी राजमार्गले छोएको कित्ता ५० मिटर दायाँ बायाँ | थप | २० लाख |
| | रुकुम चोक देखि २ नं सिमान सम्म राप्ति राजमार्गलाई छोएको कित्ता ५० मिटर दायाँ बायाँ | थप | ४० लाख |
| | श्रीनगर बसपार्कको भवगति खोल देखि पश्चिम हुदै दारिमचौर बाटोको श्यम वि क को बजार क्षेत्र सुके खोला सम्म | थप | ४० लाख |
| | भगवति खोला र सुकेखोलाको विचमा बोहोरा टाउनपलानिङ्ग क्षेत्र भित्र | थप | ४० लाख |
| | रुद्रेयश्वर शिवमन्दिर देखि मसानघाट बाटो हुदै विरबाहादुर डागीको टाउनपलानिङ्ग क्षेत्र | थप | ४० लाख |
| | सुकेखोला देखि मदन भण्डारी राजमार्ग हुदै वडा कार्यलय जाने बाटो सम्म राप्ति राजमार्गको पश्चिम तर्फ | ३० | ४० लाख |
| आवासिय क्षेत्र | दोमाटि हुदै खलंगा स्वास्थ्य चौकी सम्म जाने सडको दायाँ बायाँ छोएको कित्ता | थप | ३५ लाख |
| | शान्ति नगरदेखि उत्तर भगवति खोलादेखि दक्षिण राप्ति राजमार्ग देखि पूर्व काफला ज्युला कुलो भित्रको क्षेत्र | थप | ४० लाख |
| | शान्ति नगरदेखि उत्तर भगवति खोलादेखि दक्षिण शारदा खोला देखि पश्चिम काफला ज्युला कुलो देखि पूर्व र शान्ति नगर क्षेत्र भित्रको | थप | २० लाख |
| | सुकेखोला देखि उत्तर शारदा खोला देखि पश्चिम विरबहादुर डाँगीको पलटिङ्ग देखि पूर्वको क्षेत्र | थप | २० लाख |
| | दोमाटि हुदैं शारदासम्म बगर ज्युलाकुलो देखि दक्षिण काफलाकुलो देखि पूर्व विरबहादुर डाँगीको पलटिङ्ग देखि उत्तर क्षेत्रको भाग | थप | २० लाख |
| | क्यापस रोड हुदै खरीखोला वेलघारी सम्मको क्षेत्र )भित्री सडक सबै( | थप | २० लाख |
| | सुकेखोला वडा कार्यालय जाने बाटो देखि कार्की आटी सम्म को सुकेखोला वरपरको क्षेत्र | थप | ५ लाख |
| | कार्की आटी देखि सुकेखोलाको दायाँ बायाँ हुदै वडा नं ३ को सिमाने सम्मको क्षेत्र | थप | २ लाख |
| | श्रीनगर बसपार्क देखि छापडाडाँ खैलावड्ग सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | | १० लाख |
| | श्रीनगर बसपार्क देखि अधेरी खोला सडक हुदै भगवति खोलाको पिपल चौटारो सम्म छोएको कित्ता | १५ लाख | १५ लाख |
| | राता पहरा देखि दारिमचौर नयाँ गाउँ सडकको नयाँ गाउँ पिपलबोट सडको दायाँ बायाँ | थप | ४ लाख |
| | देसन पिपल पधेरा चौर खेलमैदान जाने सडकको छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | ४ लाख |
| | चैवाङ्ग ज्युला देखि तिलछहरे सडकलाई छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | १० लाख |
| | शान्ति नगरदेखि आपँको बगैचा सम्म जाने सडलाई छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | ६ लाख |
| | शान्तिनगर आपँको बगैचादेखि चैबाङ्ग सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | २ लाख ५० हजार |
| | बसपार्क देखि दक्षिण राप्ति राजमार्ग देखि पश्चिम छापडाडाँ सामुदायिक वन देखि पूर्व काफला गिरी टोल क्षेत्र | थप | ३० लाख |
| | अन्य आवासिय क्षेत्र | थप | २ लाख २० हजार |
| कृषि क्षेत्र | खेत तर्फ ;लाल्टिन कटेज देखि चैवाङ्ग खोला सम्म | ५ लाख | ३ लाख |
| | खेत तर्फ ;शारदा खोलाको ५० मिटर क्षेत्र भित्रको) बगर( | ५ लाख | १ लाख |
| | पाखो तर्फ ;आवादी | २ लाख | २ लाख |
| | पाखो तर्फ ;खर कान्ना | २ लाख | ५० हजार |

## वडा नं २

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी हालको मुल्य | संशोधित मूल्य रु |
|---|---|---|---|
| व्यावसायिक क्षेत्र | खलंगा बजार क्षेत्र अन्तरगत चित्र बहादुर सिंह बहादुर सिंहको घर देखि डाडाँ गाउँ पिपलबोट वडा नं २ को कार्यालयसम्म पुरानो बसपार्कदेखि नगरपालिकाको कार्यालय झर्नेबाटोको सिमाना सम्म, पुरानो बसपार्क देखि क्रेटिभएकेडेमि सम्म,पुरानो बसपार्क देखि खत्री पिपलबोट सम्म सडकले छोएको कित्ताको ५० मिटर दायाँ बायाँ सम्म र जिल्ला प्रशासन जाने बाटो। | ३० लाख | ३८ लाख १० हजार |
| आवासिय क्षेत्र | राप्ति एफएम देखि ग्रामिण बचत ऋणसहकारी संस्था जोडने मोटरबाटो सडकलाई छोएको कित्ता २५ मिटर दायाँ बायाँ सम्म | १८ लाख | २० लाख ३२ हजार |
| | गणेशथान देखि बजार क्षेत्रबाहेक वडा नं २ को वडा कार्यालय हुदै पोखरा डाडाँ र आयोरवेद भवन सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ३० लाख | २० लाख ३२ हजार |

प्रकाश भण्डारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | नगरपालिकाको कार्यालय देखि तल्लो गौरागाउँ हुदै मदन भण्डारी राजमार्ग सडक सम्म, तल्लो गैरागाउँ देखि मैसेपानी हुदै मदन भण्डारी राजमार्ग सम्म सडकले छोएको कित्ताको २५ मिटर दायाँ बायाँ | ४ लाख | ४ लाख |
| | माझी पौवा हुदै तीनपिपल चौपारी सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | २ लाख २० हजार |
| | क्रेटिभ एकेडेमि बोडिङ्ग देखि ठुलधारा हुदै मेलघारी जाने सडकको छोएको कित्ता २५ मिटर दायाँ बायाँ | २ लाख | २ लाख |
| | क्रेटिभ एकेडेमि बोडिङ्ग देखि काजी धारा जाने वरालो सम्म,नेपाली काङ्ग्रेस पाटी कार्यालय हुदै थाडो बाटो चौतारो सम्म, नगरपालिका कार्यालय देखि माथिल्लो गैरागाउँको मोड हुदै लक्ष्मण राई घर सम्म जाने सडकले छोएको कित्ताको २५ मिटर दायाँ बायाँ सम्म | १५ लाख | २० लाख ३२ हजार |
| | दोमाटि बरपिपलदेखि भिरकुला सम्म राप्ति राजमार्गले छोएको कित्ता ५० मिटर दायाँ बायाँ | २५ लाख | ३८ लाख १० हजार |
| | भिरकुला देखि घट्टे खोला सम्म राप्ति राजमार्गले छोएको कित्ता ५० मिटर | थप | ४ लाख १० हजार |
| | बरला साहुटोल सडक अन्तरगत घट्टेखोला देखि स्यालापाखा छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ३ लाख | २ लाख २० हजार |
| | राप्ति राजमार्गदेखि सिद्धार्थ प्रा वि हुदै चौतारे चोक सम्म छोएको कित्ता २५ मिटर दायाँ बायाँ | १५ लाख | ४ लाख |
| | चौतारे चोक देखि राई पिपलबोट सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | २ लाख २० हजार |
| | चौतारे चोक देखि रिठेखोला सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | १० लाख | ३ लाख |
| | चौतारे चोक देखि घारीखोला सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | २ लाख ५० हजार |
| | घारीखोलादेखि टाकुरा हुदै दोमाटि सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | थप | २ लाख २० हजार |
| | ब्राइपल बोडिङ्ग क्षेत्रको घडेरी | थप | २० लाख ३२ हजार |
| | **अन्य आवासिय क्षेत्र** | २ लाख २० हजार | थप |
| कृषि क्षेत्र तर्फ | खेत :शारदा नदिले सिन्चित खेत | ४ लाख | १ लाख ५० हजार |
| | खेत :घट्टेखोलाले सिन्चित खेत | ४ लाख | १ लाख ३५ हजार |
| | पाखो :जोगिदेउखोला, डाडाँगाउँ, मैसेपानी र गैरागाउँ | १ लाख ५० हजार | ७० हजार |
| | पाखो :मेलघारी, पानीखोला ,टुनिचौर ,पारशाला र अन्य वडा नं २ अन्तरगत पर्ने पाखाहरु | १ लाख ५० हजार | ५० हजार |

## वडा नं ३

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी हालको मुल्य | संशोधित मूल्य रु |
|---|---|---|---|
| व्यावसायिक क्षेत्र | बयल डाडाँ डवलको घर देखि टाकुरा सम्मको सुर्खेत जाने मोटरबाटोको दुबैतर्फ २५ मिटर सडकले छोएको कित्ता दायाँ बायाँ | १५ लाख | ७ लाख |
| | गणेशस्थान पिपलबाटो तल्लो बजार गाउँ हुदै भुवन टाकुरा सम्म जाने सडकको दुबैतर्फ २५/२५ मिटर सडकले छोएको कित्ता दायाँ बायाँ | १० लाख | ७ लाख |
| | सुर्खेत रोड देखि एम एम बोडिङ्ग हुदै वुढा नाउला सम्म सडले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ६ लाख | २ लाख २० हजार |
| | साउटोल भुवा टाकुरा देखि तिलचौर सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ४ लाख | २ लाख २० हजार |
| | तिलचौर देखि फुलबारी सडकको तिलचौर क्षेत्रभित्र | | २ लाख २० हजार |
| | साउटोल देखि बरला जाने सडकको दायाँ बायाँ वडा नं ३ सको सिमाना सम्म | | २ लाख २० हजार |
| | साउटोल भेटनरी हुदै सिरुवार घट्टेखोला सम्म जाने सडक | | २ लाख २० हजार |
| | जि प्र का प्रतिक्षालय हुदै संगित टोल सम्म, संगित टोलदेखि विष्ट टोलहुदै एम एम बोडिङ्ग जोड्ने सडकको दायाँ बायाँ | | २ लाख २० हजार |
| | तिलचौर हुदै थापा टोल सम्म | | २ लाख २० हजार |
| | विद्युत देखि जिल्ला हुलाक कार्यालयहुदै पुरानो हुलाक घर सम्म | १० लाख | ५ लाख |
| | कुहिना पाखे बास खोला हुदै भानु भक्तचौर सम्म | थप | २ लाख २० हजार |
| | **अन्य आवासिय क्षेत्र** | थप | २ लाख २० हजार |
| कृषि क्षेत्र | खेत तर्फ :खट्टे खोला र सुके खोला सिन्चित हुने खेत | २ लाख | १ लाख ३५ हजार |
| | खेत तर्फ :द्वारीगौरा खोलाले सिन्चि खेत | २ लाख | १ लाख ३५ हजार |
| | पाखा तर्फ :आवादी | ८० हजार | ५० हजार |

प्रकाश भण्डारी
नगर प्रमुख

| | पाखा तर्फ :खरकट्टी | ८० हजार | ५० हजार |
|---|---|---|---|

## वडा नं ४

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | हालको दर रु |
|---|---|---|---|
| व्यावसायि क्षेत्र | साहुटोल देखि गणेश मन्दिर सुर्खेत सडकलाई छोएको कित्ता ५०मिटर दायाँ बायाँ र पिपलनेटा बाजार क्षेत्रभित्रको | ९ लाख | १३ लाख |
| आवासिय क्षेत्र | गणेश मन्दिर देखि सुर्खेत रोड हुदै ठाडो बाटोको अधिराज मोड सम्म जोड्ने सडकलाई छोएको कित्ता ५० मिटर दायाँ बायाँ | ८ लाख | १० लाख |
| | अधाराज मोड देखि घुम्ति मोड सम्म ठाडो सडकलाई छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ८ लाख | ८ लाख |
| | पिपलचौटारी देखि सुर्खेत जाने मोटर बाटोको वडा नं ५ को सिमान सम्मको सडकले छोएको कित्ता ५० मिटर दायाँ बायाँ | थप | ३ लाख |
| | साहुटोल लामी डाडाँ रानिकोट हुदै हिमदृश्य पार्क जाने सडकलाई छोएको कित्ता वडा नं ५ को सिमाना सम्म २५ मिटर दायाँ बायाँ | थप | ८ लाख |
| | साहुटोल देखि सेजवाल टाकुरा हुदै सुर्खेत रोड जोड्ने बाटो २५ मिटर दायाँ बायाँ | थप | ७ लाख |
| | अधिराज मोड देखि मनपुर सम्म जाने सडकलाई छोएको कित्ता २५ मिटर दायाँ बायाँ | २ लाख | ४ लाख |
| | माझगाउँ साहिला कम्देखि मनपुर हुदै विष्ट टोल जाने सडक छोएको किता २५ मिटर दायाँ बायाँ | | १ लाख ७० हजार |
| | पिपलडारी देखि बस्नेत टोल बुद्ध प्रा वि देखि फिर्के ढुङ्गा खालि खोला देखि रोकाटोल सडककलाई छोएको बस्ति क्षेत्र | थप | १ लाख ७० हजार |
| | अन्य आवासिय क्षेत्र | थप | १ लाख ७० हजार |
| कृषि क्षेत्र | खेत तर्फ :आवादी | १ लाख ५० हजार | १लाख ३५ हजार |
| | खेत तर्फ बगर : | १ लाख ५० हजार | १ लखा ३५ हजार |
| | पाखो तर्फ आवादी | ८० हजार | ७५ हजार |
| | खरकट्टी | ८० हजार | ५० हजार |

## वडा नं ५

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी हालको मुल्य | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय क्षेत्र | दुलधारा पोखरादेखि रानिकोट सम्म जाने सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ वडा कार्यालय वरपर क्षेत्र | ८ लाख | १ लाख ८० हजार |
| | सेजवाल टाकुराको पिपलनेटा बजार क्षेत्र कालिका स्थान वरपर र दुधारा पोखराको बजार क्षेत्र भित्र | १८ लाख | १५ लाख २५ हजार |
| | मदन भण्डारी सडक राजमार्गले छुने वडा नं ४ को सिमाना देखि वडा नं ८ को सिमाना सम्म छोएको कित्ताको २५ मिटर दायाँ बायाँ सम्म | थप | १ लाख ७० हजार |
| | रानिकोट बरपिपलरुख हुदै खहिने पानी तल्लो मार्के जाने सडकको कहिने पानी तल्लो मार्के क्षेत्र भित्र सडकलाई छोएको कित्ता २५ मिटर दायाँ बायाँ सम्म | थप | १ लाख ७० हजार |
| | ठुला खोलादेखि पार्क सम्म जाने सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ )माथिल्लो रानिकोट देखि भडारी टोल सम्म ( | थप | १ लाख ७० हजार |
| | मदन भण्डारी बरपिपल हुदै पार्क जाने सडक अन्तरगत बरपिपलको रुखदेखि मथल्लो रानीकोट सम्म सडकलाई छुने कित्ता २५ मिटर दायाँ बायाँ | थप | १ लाख ७० हजार |
| | अन्य आवासिय क्षेत्र | १ लाख ७० हजार | थप |
| कृषि क्षेत्र | खेत | २ लाख | १ लाख ३५ हजार |
| | पाखो | ८० हजार | ५० हजार |

## वडा नं ६

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी हालको मुल्य | संशोधित मूल्य रु |
|---|---|---|---|
| व्याव सायि | | | |

प्रकाश भण्डारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | घट्टेखोला पुलदेखि पल्लो बरला झोलोङ्गे पुलजाने राप्ति राजमार्गले छोएको कित्ता ५० मिटर दायाँ बाया सम्म | ३० लाख | १५ लाख २५ हजार |
| आवासिय क्षेत्र | राप्ति राजमार्ग सडकले छोएको कित्ता ५० मिटर दायाँ बायाँ बरला झोलोङ्गे पुल जाने बाटो देखि भट्टाचौर सम्म | ३ लाख | २ लाख |
| | बरदा लेखि जयतपानी जाने सडक अन्तरगत बनाघर बनटोल सम्म, पाती हाल्ना मन्दिर देखि मडमकाडाँ बालशाखा विद्यालय सम्म,बाहुन चौर सापमारा कोहल डाडाँ चरीखुट्टी छोएको कित्ताको २५ मिटर दायाँ बायाँ सम्म | | १ लाख १२० हजार |
| | जयतपानी सडको घुम्ती बरको रुखदेखि नेपाने जाने सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ पुरानो पानी खोला सम्म | २ लाख | २ लाख |
| | राप्ति राजमार्गदेखि ह्वाइतबोर्ड बोडिङ्ग स्कुल सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ सम्म, राप्ति राजमार्ग देखि शारदा माल्नेटा डाडाँ गाउँ जाने सडकको शारदा खोलाको पुल सम्म छोएको कित्ता २५ मिटर दायाँ बायाँ | २ लाख | १ लाख २० हजार |
| | अन्य आवासिय क्षेत्र | थप | १ लाख १० हजार |
| कृषि क्षेत्र | खेत | ५ लाख | १ लाख ५० हजार |
| | पाखो | ८० हजार | २८ हजार |

## वडा नं ७

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय क्षेत्र | राप्ति राजमार्गको भालुखोला देखि सिद्धकुमाख सिमाना सम्म, रामे खोला देखि कजेरी खोला सम्म वडा नं ७ जाने सडकले छोएको कित्ताको ५० मिटर दायाँ बायाँ सम्म | ५ लाख | १५ लाख २५ हजार |
| | रामेखोला देखि कालिका हुदै ओखोनी जाने सडकको कजेरी स्वास्थ्य चौकी देखि माथिल्लो पिपलबोट, ओखेनी गर्छने देखि गैरागाउँ छोएको कित्ता को २५ मिटर दायाँ बायाँ सम्म | ६ लाख | १ लाख १० हजार |
| | लिशा देखि सिमपाखा सडक अन्तरगत )खत्रीगाउँ पुरत(, सिरचौर देखि लेख सम्म ,सिरचौर )लेखटोल (सडक अन्तरगत लेखटोल , मिलनचोक देखि रकाल गाउँ जाने सडक अन्तरगत )लक्कु डाडाँ(,जनविकाश विद्यालय देखि गिठाचौर जाने सडक अन्तरगत )र्याले बस्ति ( ,स्वास्थ्य चौकी देखि )पनालचौर(,रामेखोला हुदै रिठाचौर जाने सडक अन्तरगत )रिठाबोट तिमिले चौर (छोएका कित्तको २५ मिटर दायाँ बायाँ सम्म | थप | १ लाख १० हजार स |
| | अन्य आवासिय क्षेत्र | १ लाख १० हजार | थप |
| कृषि क्षेत्र | खेत )रामेखोला, काकेखोला र झारगाउँ फात( | २ लाख | १ लाख ५० हजार |
| | खेत अन्य वडा नं ७ भित्र पर्ने खेतहरुको हकमा | २ लाख | ८५ हजार पाँच सय |
| | पाखो | ८० हजार | २८ हजार |

## (वडा न ८)

| | जग्गाको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासीय | | | |
| | सुर्खेत रोड अन्तर्गत ( दुङेखानी सा व उ स भवन देखी गैरी खर्क प्रा विस सम्म | ६ लाख | १२ लाख ७० हजार |
| | दुलधरा पोखरा देखि मार्के खैरावाङ सडक अन्तर्गत ( काटीगाउ देखि त्रिजमावि सम्म ) सडकले छोएको कित्ता २५ मी दायावाया | ५ लाख | ४ लाख |
| | त्रिजमावि देखि गोरेडाडा सम्म सडकले छोएको कित्ता २५ मी दायावाया | थप | ३ लाख ५६ हजार |
| | कालिमाटी सडक मार्के देखि पहेले खोला सम्म(ज्वालापुर) सडकले छोएको कित्ता २५ मी दायावाया | थप | ३ लाख ५६ हजार |
| | काटीगाउ देखि वर गाउ जाने सडक (वरगाउ हरियो खर्क मण्डली देखि दत्य पिपल सम्म),वर गाउ देखि रारे सम्म जाने सडक (ठुलागाउ रारे ) ,सुनार टोल हुदै त:ल्लो मार्के, कालेगैरा देखि सानी वजार सडक (तल्लो गाउ) सडकले छोएको कित्ता २५ मी दायावाया | थप | १ लाख २५ हजार |
| | अन्य आवासिय क्षेत्र | १ लाख २५ हजार | थप |
| [illegible] | खेत | १ लाख ५० हजार | ९० हजार |

प्रकाश भण्डारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | पाखो | ७० हजार | ३५ हजार |

## वडा नं ९

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय क्षेत्र | खलंगा कालिमाटी सडक अन्तरगत ज्वालापुर देखि आराखोला साम, चल्ले फम देखि दोभानचोक आसपास, सालचौर बजार आसपास सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ४ लाख | ३ लाख ६० हजार |
| | दोभानचोक देखि बागचौर खोला सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | १ लाख ३० हजार | १ लाख २५ हजार |
| | अन्य आवासिय क्षेत्र | १ लाख २५ हजार | थप |
| कृषि क्षेत्र | बागचौर खोलाले सिन्चित खेत | २ लाख | ९० हजार |
| | पाखो बागचौर , मेलटाकुरा ,आरा ,ज्वालापुर | ७० हजार | ५० हजार |
| | पाखो :नयाँ बस्ति, सानिघारे, लाकुमारे, सुनचौर, सिउरे , सहित वडा नं ९ अन्तरगतमा पर्ने पाखाहरु | | ३३ हजार |

## वडा नं १०

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय क्षेत्र | सानिबजार देखि लुक्ष्मीपुर जाने सडक अन्तरगत सानी बजार क्षेत्र, मधनाटाकुरा देखि खैरावाङ्ग जाने चौक सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ४ लाख | ३ लाख ६० हजार |
| | मधना गैरागाउँ देखि टाकुरा सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ३ लाख | १ लाख ३० हजार |
| | नयाँ चौतारा देखि पैयाँ खर्क स्कुलसम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | २ लाख | १ लाख ३० हजार |
| | अन्य आवासिय क्षेत्र | १ लाख २० हजार | थप |
| कृषि क्षेत्र | खेत | १ लाख | ८८ हजार |
| | पाखो मधाना | ७० हजार | ५० हजार |
| | पाखो अन्य | ७० हजार | ३५ हजार |

## वडा नं ११

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय क्षेत्र | श्रीनगरदेखि खैरावाङ्ग हुदै हिवल्चा जाने सडक अन्तरगत खैरावाङ्ग जोलिपिपल मिलनचोक देखि तेर्सावाटा सम्म, पवित्र न्यौपानेको घर देखि महेन्द्र रत्न मा वि हिवल्चा सम्म सडकले छोएको कित्ता २५ मिटर दायाँ बायाँ | ४ लाख | ३ लाख ६० हजार |
| | अन्य आवासिय क्षेत्र | थप | १ लाख २० हजार |
| | | थप | १ लाख २० हजार |
| कृषि क्षेत्र | अन्य ११ नम्बर वडाका आवासिय क्षेत्रहरु | १ लाख ५० हजार | ८५ हजार ५ सय |
| | खेत | ७० हजार | २७ हजार ५ सय |
| | पाखो | | |

## (वडा न १२)

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासीय | शान्तीनगर देखि डागी जाने सडक लाइ छोयको कित्ता २५ मिटर दायाबाया सम्म | ३ लाख | ४ लाख |
| | डागी जाने सडक देखि ठुला ढुगा सम्म सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | २ लाख ५० हजार | २ लाख |
| | शिव मा वि देखि अम्रैटाकुरा सम्म सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | | १ लाख ६० हजार |

प्रकाश भण्डारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | अटोभिलेज डोवरा खोला घारी टोल हुदै ढुंगा ढुङगा सम्म सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | | १ लाख ४० हजार |
| | अटो भिलेज देखि डुमरी ज्यूला , फलेदा साङगार हुदै अजिङरे सम्म सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | २ लाख | १ लाख ५० हजार |
| | अन्य आवासिय क्षेत्र | थप | १ लाख २० हजार |
| | अन्य आवासिय क्षेत्र | थप | १ लाख २० हजार |
| कृषित तर्फ | खेत | ३ लाख | १ लाख |
| | पाखो चौर फाट | ८० हजार | १ लाख |
| | पाखो अन्य | ८० हजार | ४० हजार |
| | | | |
| | | | |

वडा न १३

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय तर्फ | शारदा पुल देखी साधार हुदै साङघार मुल सम्म सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | २० लाख | १२ लाख |
| | अन्य आवासिय क्षेत्र | १ लाख २० हजार | थप |
| कृषि तर्फ | खेत शारदा खोला र साङघार खोलाले सिन्वित | ३ लाख | ३ लाख |
| | अन्य खेत | ३ लाख | ९० हजार |
| | पाखो लेखटाकुरा ,चलाउने पानी,घोरनेटी,साफखर्क,सल्लेरी | ७० हजा | ४० हजार |
| | अत्तर काडा,सल्यान चौर | ७० हजार | ५० हजार |

वडा न १४

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय तर्फ | वरला देखि ढारपाखा जाने सडक गुइएखोला सम्म सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | ६ लाख | २ लाख |
| | वरला देखि ढारपाखा देखि गुईएखोला हुदै ढारपाखा सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | २ लाख | १ लाख २० हजार |
| | जोरपिपल देखि राता टाकुरा सडक अन्तर्गत राता टाकुरा सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | २ लाख | १ लाख २० हजार |
| | वरला देखि ठाडाढुङगा हुदै ढारखानी ढोरचौर सम्म जाने सडक अन्तर्गत गैरागाउ,ढारपाखा,तुषारे छोएको कित्ता २५ मिटर दायाबाया सम्म | २ लाख | १ लाख २० हजार |
| | ठाडाढुङा देखि च्याउखोला सम्म(च्याउ खोला),पानीखोला देखि राता टाकुरा सम्म (राताटाकुरा),पानी खोला देखि स्याला वाङगेसार र ( स्याला) ,जगेडाचौर भित्री वाटो ( जगेडा चौर) । सडकलाई छोएको कित्ता २५ मिटर दायाबाया सम्म | ४ लाख | १ लाख २० हजार |

प्रकाश भण्डारी
नगर प्रमुख

| | अन्य आवासिय क्षेत्र | १ लाख २० हजार | थप |
|---|---|---|---|
| कृषि तर्फ | खेत | २ लाख | १ लाख |
| | पाखे | २ लाख | ४० हजार |

**वडा न १५**

| | जग्गा रहेको क्षेत्र | प्रति रोपनी मुल्य दर रु | संशोधित मूल्य रु |
|---|---|---|---|
| आवासिय तर्फ | शारदा खोला देखि अम्रैटाकुरा चौक सम्म छोएको कित्ता २५ मिटर दायाबाया सम्म | थप | २० लाख |
| | सितलपुर वजार देखि चर्च सम्म सम्म छोएको कित्ता २५ मिटर दायाबाया सम्म | १० लाख | १० लाख |
| | अम्रैटाकुरा स्याले घारी चोक देखि स्यालपानी शारदा सामुदायिक भवन सम्म छोएको कित्ता २५ मिटर दायाबाया सम्म | ८ लाख | ५ लाख |
| | शारदा सामुदायिक वन भवन देखि सिमतारा,वडाखोला सम्म छोएको कित्ता २५ मिटर दायाबाया सम्म | थप | २ लाख |
| | अन्य आवासिय क्षेत्र | १ लाख २० हजार | थप |
| कृषि तर्फ | शारदा खोला सिन्चित सितलपुर देखी गैरागाउ सम्म | ३ लाख | १ लाख ५० हजार |
| | अन्य खेत | ३ लाख | ९० हजार |
| | सितलपुर वडाखोला सम्मको पाखो | ७० हजार | १ लाख |
| | अन्य पाखो | ७० हजार | ४० हजार |

## ७.निष्कर्ष

राजश्व परामर्श समितिले गर्ने आन्तरिक आयको अनुमान तथा विष्लेषणको अनुसन्धान गरी राजश्वका दायर तथा आन्तरिक श्रोत बढाउन सकेमा नगरपालिकाले तयार गर्ने वार्षिक योजना तथा कार्यक्रमहरु समेत सञ्चालन गर्ने यसले सहयोग गर्ने देखिन्छ ।

संयोजक:
सुस्मिता सापकोटा सुनार

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-२

(निर्णय नं ४ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १८ औं अधिवेशन

मितिः २०८२/०८/१६

**न्यायिक समितिको आ.व. २०८२/८३ अर्धवार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८२/०८/१६ गतेका दिन शुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १८ औं अधिवेशनमा न्याय, कानुन तथा मानव अधिकार प्रर्वद्धन शाखा न्यायिक समितिको २०८२/८३ को अर्धबार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**समितिको कार्यक्षेत्रः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिम रहेको छ ।

**समिति पदाधिकारीहरुको नामावली निम्न बमोजिम छ ।**

१. श्री सुस्मिता सापकोटा - संयोजक
२. श्री पुष्पा नेपाली - सदस्य
३. श्री ज्ञानेन्द्र कँवर - सदस्य
४. श्री दिलमाया राना क्षेत्री -उजूरी प्रशासक

न्यायिक समितिलेको कामकारबाहि सम्पादन गर्नको निम्ति निर्माण भएका कानूनहरुः

१. न्यायिक समिति कार्यसम्पादन ऐन, २०८०
२. न्यायिक समितिको न्याय सम्पादन निर्देशिका,२०८१.
३. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०८१

**सम्पादित कार्यहरुः**

न्यायिक समितिले आ.व. २०८२।०८३ को प्रथम अर्धवार्षिक (२०८२ साउन देखि २०८२ मंसीर सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८२/८३ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| १० | ० | ४ | ० | ० | ६ | ० |

**कार्यसम्पादनको क्रममा न्यायिक समितिका सवल पक्षः**

१. स्थानीय स्तरमै दुई पक्षबीचको छलफलबाट विवाद समाधान हुने भएकोले पक्ष र विपक्षको लागत समय र रकम बचत भएको ,
२. विबाद समाधान पश्चात दुई पक्षबीच मनमुटाव र वैरभावको विचार हटि आपसी सुसम्बन्ध कायम गर्न तर्फ प्रेरित भएको,

**कार्य सम्पादन गर्दा देखिएका समस्या /चुनौतीः-**

१. तोकिएको मिति र समयमा पक्ष विपक्ष उपस्थित नभैदिनु ।
२. पक्षले निवेदन दिंदा न्यायिक समितिबाट निरुपण गर्न सकिने र मिलापत्र गराउन सकिने स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ८ दफा ४७ (१) र ४७ (२) भन्दा बाहिरको मुद्दा आउनाले सेवाग्राहीलाई सम्झाई बुझाई गर्न गाह्रो भएको ।

प्रकाश भण्डारी
नगर प्रमुख

३. पक्षले निवेदन दिँदा बिपक्षको सम्पर्क नं. र सहि ठेगाना उल्लेख नगर्दा चिठ्ठी बुझाउन गाह्रो भएको ।
४. पारिवारिक बेमेल तथा असन्तुष्टि सम्बन्धि उजुरीको सम्झाई बुझाई गर्न गाह्रो भएको।
५. प्राय विवाद माना चामल तथा खाना खर्च संग सम्बन्धी आउने भएका कारण माना चामल के-कति बारे विवाद समाधानमा कानूनी अल्झन भएको।

**विवाद समाधान गर्दा अवलम्न गरिएका उपायहरु:-**

१. विवाद तथा उजुरी व्यवस्थापनमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ मा भएको न्यायिक कार्य सम्बन्धि व्यवस्थाको अवलम्बन गरिएको
२. आलीसाँधी विवादमा सम्वन्धित ठाउँमै गएर छलफल गराएको ।
३. न्यायिक समितिबाट निरुपण र मिलापत्र गराउन नमिल्ने मुद्दाको बिषयमा सेवाग्राहीलाई सम्झाई बुझाई अन्यत्र ठाउँबाट कानूनी उपचार गर्न सल्लाह दिएको।
४. पक्षलाई निवेदन गर्दा बिपक्षको नाम ठेगाना समर्पक नं. र बिषय बस्तु प्रष्ट शब्दमा लेखि ल्याउन सल्लाह दिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु:**

१. न्यायिक समिति सचिवालयमा दर्ता हुन आउने उजुरी व्यवस्थापनलाई सफ्टवेयर पद्धतिमा लैजानुपर्ने,
२. नगरपालिकामा छुट्टै न्यायिक ईजलासको व्यवस्था गरिनुपर्ने,
३. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी वडा स्तरमै विवादको समाधान तर्फ ध्यान दिनुपर्ने,
४. कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
५. कानून विज्ञ तथा ज्ञातालाई परामर्शदाताको रुपमा नगरपालिकामा व्यवस्थापन गर्नुपर्ने।

**निष्कर्ष:-**

आदरणीय नगर सभा अध्यक्ष ज्यू तथा नगर सभा सदस्य ज्यूहरु,

माथि उल्लेखित बिभिन्न अल्झनका बावजुद पनि यस शारदा नगरपालिका अन्तर्गतको न्यायिक समितिले निरन्तर न्याय सम्पादन गरिरहेको छ । यस प्रक्रियालाई चुस्त दुरुस्त बनाउनाका निमित्त सफ्टवेयर प्रणाली संचालनमा ल्याउनुका साथै वडास्तरिय मेलमिलाप कर्ता र न्याय सेवासंग सम्बन्धित कर्मचारी समेतको व्यवस्थापन गरी आवश्यक क्षमता अभिबृद्धि तालिम संचालन गरि/गराई कार्यसम्पादन गराएमा प्रभावकारी हुने थियो की भन्ने आशय राख्न चाहान्छु ।

**धन्यवाद ॥**

**प्रतिवेदक:**
सुस्मिता सापकोटा
संयोजक- न्यायिक समिति

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-३

(निर्णय नं ५ संग सम्बन्धित)

शारदानगरपालिका

खलंगा, सल्यान

नगर सभाको १८ औं अधिवेशन

मिति: २०८२/०८/१६

## सुशासन तथा स्थानीय सेवा समिति आ.व.२०८२/८३ अर्धवार्षिक प्रतिवेदन

श्रीमान सभा अध्यक्ष ज्यू, नगर उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सरमेमहरु आज मिति / २०८२०/८/१६ गतेका दिन हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १८ औं अधिवेशनमा सुशासन तथा स्थानीय सेवा समिति समितिको २०८२/८३ को अर्धबार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**पृष्ठभूमिः** कार्यपालिकालाई सभामार्फत जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित पाँच सदस्यीय सुशासन तथा स्थानीय सेवा समिति गठन गरेको छ ।

**समितिको कार्यक्षेत्रः** समितिको कार्यक्षेत्रमा कर्मचारी प्रशासन, आर्थिक प्रशासन, राजश्व, सामाजिक सुरक्षा तथा पंजिकरण सेवा इकाईबाट प्रदान गरिने सेवा समेटिन्छ। यसले सेवा सञ्चालनको गुणस्तर, सार्वजनिक सेवा प्रवाह, योजनाहरुको कार्यान्वयन र समग्र प्रशासनिक प्रक्रिया नियमन तथा अनुगमन गर्दछ।

**समितिका पदाधिकारीहरुको नामावलीः**

| | | |
|---|---|---|
| १. | वार्ड नं. २ का अध्यक्ष श्री सविन हमाल | -संयोजक |
| २. | वार्ड नं. ३ का सदस्य श्री मधुदास श्रेष्ठ | -सदस्य |
| ३. | वार्ड नं. १५ का सदस्य श्री ढकलाल रावत | -सदस्य |
| ४. | वार्ड नं. १४ का सदस्य श्री चन्द्रावती बढाथोकी | -सदस्य |
| ५. | वार्ड नं. १२ का सदस्य श्री बालाराम वली | -सदस्य |

शारदा नगरपालिकामा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यले सुशासन तथा स्थानीय सेवा समितिद्वारा यस अर्धवार्षिक अवधिमा विभिन्न शाखाहरूसँग समन्वय गर्दै आवश्यक निर्देशन तथा अनुगमन कार्यहरू सम्पन्न गरिएको छ। प्रस्तुत प्रतिवेदनमा प्रशासन, राजस्व, आर्थिक प्रशासन, सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई बाट प्राप्त गतिविधि तथा उपलब्धिहरूलाई संकलन गरी एकिकृत रुपमा प्रस्तुत गरिएको छ।

**प्रमुख गतिविधिहरू:**

कर्मचारी व्यवस्थापन

- यस अवधिमा विभिन्न सेवाका १८ जना कर्मचारी सरुवा भई आएका र २ जना सरुवा भइ गएका छन्, साथै ४ जनाको स्थायी नियुक्ति सम्पन्न भएको छ ।
- चालु अवधिमा १ जना कर्मचारी अवकाशमा गएका छन् भने एक जनाको अवकाश जाने तय भएको छ।
- यस अवधिमा कुनै नयाँ अध्ययन विदा स्वीकृत नभए पनि ६ जना कर्मचारी अध्ययन विदामा रहेका छन्।
- कुल ५ जनाको तह कायम/वृद्धि गरिएको छ।

**सेवा प्रवाह सुधार**

- सेवा प्रदान गर्ने सम्पूर्ण प्रक्रियामा अन्तर शाखा समन्वय, सहयोग र कार्यकुशलता वृद्धि गर्न निरन्तर पहल गरिएको छ।
- सेवा प्रवाहमा पारदर्शिता र निष्पक्षता कायम गर्न First-In First-Out सिद्धान्तलाई आधार बनाएर कार्यसञ्चालन तथा प्राथमिकता निर्धारण गरिएको छ।
- सेवाप्रवाहका क्रममा देखा परेका चुनौतीहरूको पहिचान, विश्लेषण तथा समाधानका लागि नियमित बैठक, समन्वय र अनुगमन गरिँदै आएको छ।
- एकीकृत डिजिटल सेवा प्रवाह तथा सूचना व्यवस्थापन प्रणाली स्थापना तथा सञ्चालनका लागि प्रदेश सरकारको नवप्रवर्तन परियोजनामा अवधारणापत्र पेश गरिएको छ, जसले आगामी दिनमा सेवा प्रवाहलाई अझ सहज, पारदर्शी र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

**सुशासन प्रवर्द्धन**

- कानुन, कार्यविधि तथा निर्देशिकाको निर्माण र सुधार कार्यमा आवश्यक समन्वय गरिएको छ।
- वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।
- वार्षिक, चौमासिक तथा त्रैमासिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ।
- सूचनाको हक सम्बन्धी स्वतः प्रकाशन प्रत्येक ३/३ महिनामा गरिएको छ ।
- वेबसाइट र फेसबुकमार्फत सूचना प्रकाशन गरी संस्थागत पारदर्शिता अभिवृद्धि गरिएको छ।

**सूचना प्रविधि व्यवस्थापन**

- नगरपालिका वेबसाइटलाई नियमित रूपमा अद्यावधिक गर्दै नागरिकको सूचना पहुँचमा सुधार गरिएको छ।
- अनलाइन प्रणालीहरू(कर्मचारी लगइन, फाइल ट्रान्सफर, लगबुक, भ्रमण आदेश, शाखालाई निर्देशन, प्रतिवेदन प्रणाली आदि)को विकास, विस्तार तथा नियमित अपग्रेड सम्बन्धी कार्यहरू सञ्चालन गरिएको छ।
- कर्मचारीहरूलाई सूचना प्रविधि सञ्चालन तथा उपयोग सम्बन्धी आवश्यक सहजिकरण प्रदान गरिएको छ।
- इन्टरनेट स्पिड विस्तार, सिसिटिभी जडान तथा अन्य डिजिटल उपकरणहरूको प्रयोगलाई व्यवस्थित बनाउदै सेवाको गुणस्तरमा सुधार गरिएको छ।

प्रकाश भण्डारी
नगर प्रमुख

- ई- हाजिरी प्रणालीको प्रयोग सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा विस्तार गरी अनलाइनबाटै नियमित अनुगमन गरिएको छ।

**उद्यमः**

१. ६ वटा नयाँ दर्ता, १२३ नवीकरण, १ नामसारी, ३ पूँजी वृद्धि, २ नाम परिवर्तन, ५ खारेजी, १ सक्कलै फाइल घरेलु कार्यालयमा प्रेषण गरिएको ।

**राजस्वः**

- आ.व. २०८२/०८३ को यस अवधिमा वडा नं. १ र १२ मा घुम्ती शिविर सञ्चालन गरी व्यवसाय दर्ता, नवीकरण, सूचीकरण तथा घरबहाल कर संकलनबाट रु. ६,३५,००० राजस्व संकलन गरिएको छ।
- यस अवधिमा १०८ व्यवसाय दर्ता, ७० नवीकरण, ३० सूचीकृत तथा २८ घरबहाल कर संकलनको कार्य सम्पन्न भएको छ।
- हालसम्म कुल आन्तरिक राजस्व संकलन रु. ४८,३५,८४० रहेको छ, जसअन्तर्गत सबैभन्दा बढी वहाल कर शीर्षकमा रु ८,५३,९०९ जम्मा भएको छ।

**आर्थिक प्रशासन**

- सामाजिक सुरक्षा भत्ता बाहेक कुल बजेट रु. १२,१६,३१,०२३।४३ रहेको छ।
- चालु अवधिसम्म कुल रु. २६,९९,२१,९६६।१० आम्दानी तथा निकासा प्राप्त भएको छ।
- हालसम्मको खर्च १८.४९% बजेट उपयोग भएको छ।
- पुँजीगत तर्फ, ०.९३% र चालू तर्फको खर्च प्रगति २२.७८% रहेको छ।
- आर्थिक वर्ष २०८१/८२ को पूर्ण लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ ।

**पंजीकरण**

- जन्म दर्ता: यस अवधिमा पुरुष १७९ र महिला १३७ गरी कुल ३१६ जन्म दर्ता भएका छन्।
- मृत्यु दर्ता: पुरुष ५० तथा महिला ४७ गरी जम्मा ९७ मृत्यु दर्ता गरिएको छ।
- सम्बन्ध विच्छेद दर्ता: यस अवधिमा कुल २१ सम्बन्ध विच्छेद दर्ता भएका छन्।
- विवाह दर्ता: विवाह दर्ता संख्या यस अवधिमा जम्मा १३४ पुगेको छ।
- बसाईँ सराइ दर्ता: बसाईँ सराइ आउने १६ (सदस्य ६१) र जाने ५३ (सदस्य १६९) गरी दर्ता कार्य सम्पन्न गरिएको छ।
- जम्मा घटना दर्ता: सबै शीर्षक मिलाएर कुल ६३७ घटना दर्ता भएका छन्।

**सिफारिस**

- वडा कार्याहरुबाट नागरिकता, नाता प्रमाणित, विद्युत, सा..पोत, चारकिल्ला आदि शीर्षकमा कुल ३३१९ सिफारिस जारी भएका छन्।

**सबल पक्ष:**

- नगरपालिकाका शाखाहरू तथा वडाहरुबीच समन्वय र सहकार्यमा उल्लेखनीय सुधार ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र समयमै सेवा उपलब्ध गराउने संस्कार विकसित।

- ई-हाजिरी, फाइल ट्रान्सफर, लगबुक, निर्देशन प्रणाली आदि प्रविधिमूलक कार्यप्रक्रिया विस्तार र नियमित प्रयोग।
- राजस्व संकलनमा घुम्ती शिविरको प्रभावकारी सञ्चालन तथा नगरपालिकाको दैनिक राजस्व बैंकमा नियमित जम्मा।
- भुक्तानी तथा निकासा प्रक्रियामा आर्थिक अनुशासनको पालना ।
- गुनासो व्यवस्थापनका सन्दर्भमा नियमित रुपमा गुनासो पेटिका खोली गुनासो सुनुवाईका लागि आवश्यक प्रक्रिया संचालन।
- योजना, बजेट तथा कार्यान्वयन प्रक्रियामा तथ्यगत अनुगमन र सुधार लागि समिक्षा।

**दुर्वल पक्ष:**

- समयमै जिम्मेवारी पूरा गर्ने संस्कृति अझै पुर्णरुपमा स्थापित हुन सकेको छैन।
- प्राविधिक तथा विषयगत विज्ञताको कमीले केही शाखाहरूमा निर्णय कार्यान्वयनमा ढिलाइ।
- नियमित प्रतिवेदन, डाटा संकलन र अभिलेखीकरणको एकरूपतामा अभाव।
- सबै सेवा कागजी प्रक्रियामै चल्दा समय धेरै लाग्ने र सेवाग्राहीको भीड बढ्ने अवस्था।
- कागजी अभिलेखमा निर्भर रहँदा तथ्याङ्क हराउने, बिग्रिने वा मिसिने जोखिम कायम रहने।
- गुनासो दर्ता तथा समाधान प्रक्रियामा एकीकृत अनलाइन प्रणालीको कार्यान्वयन आवश्यक।

**अवसर :**

- प्रदेश सरकारको नवप्रवर्तन परियोजनामार्फत एकीकृत डिजिटल सेवा प्रवाह प्रणाली विस्तार गर्ने सम्भावना रहेको छ।
- सूचना प्रविधिको द्रुत विकासले सेवा प्रवाहलाई पूर्णरूपमा पेपरलेस र डिजिटल बनाउन सकिने अवस्था छ।
- राजस्व वृद्धि तथा कर प्रशासन सुधारका लागि सार्वजनिक–निजी सहकार्य (PPP) को सम्भावना रहेको छ।
- कर्मचारी क्षमता विकास, तालिम तथा व्यवस्थापन सुधारका अवसरहरू बढ्दो।
- नागरिकको सेवाप्रतिको चेतना बढ्दै गएको हुँदा सेवा सुधारका कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्न सकिने।

**चुनौती :**

- जनशक्तिमा प्राविधिक ज्ञान र विशेषज्ञताको कमीबाट सेवा प्रवाहमा अपेक्षित गति र गुणस्तर कायम गर्नु।
- नागरिकबाट अपूर्ण कागजात प्राप्त हुने अवस्थाले सेवा प्रक्रियामा दोहोरोपन सिर्जना हुदाँ व्यय हुने अतिरिक्त समय न्यूनिकरण गर्नु।
- डिजिटल सेवा प्रणाली सञ्चालनका लागि आवश्यक इण्टरनेट, उपकरण तथा नेटवर्क सुरक्षाजस्ता पूर्वाधारको पर्याप्त व्यवस्था गर्नु।
- आर्थिक स्रोतको सीमितता तथा बजेट प्राथमिकरणमा देखिने चुनौतीका कारण योजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन नहुने समस्यालाई न्यूनिकरण गर्नु।

- नागरिकका बढ्दो अपेक्षाले सेवा प्रवाहलाई निरन्तर प्रभावकारी र उत्तरदायी बनाउने दवावको सामना गर्नु।

**सुधारका उपाय:**

- प्रत्येक शाखामा कार्यसम्पादन मापदण्ड तयार गरी नियमित मूल्यांकन गर्ने।
- एकीकृत डिजिटल सेवा प्रवाह प्रणाली लागू गर्ने, जसअन्तर्गत सबै शाखाका सेवाहरू एउटै डिजिटल प्लेटफर्मबाट प्राप्त गर्न सकिने व्यवस्था गर्ने।
- वडा तथा नगर स्तरमा टोकन प्रणाली अवलम्बन गरी सेवा प्राप्तिमा भीड नियन्त्रण, समय व्यवस्थापन र पारदर्शिता सुनिश्चित गर्ने।
- सेवा प्रवाहमा पारदर्शिता बढाउन First-In First-Out, सेवा मापदण्ड र समय सीमा कडाइका साथ लागू गर्ने।
- अभिलेख व्यवस्थापनलाई डिजिटल प्रणालीमार्फत सुरक्षित र पहुँचयोग्य बनाउने।
- नागरिकसँग प्रत्यक्ष सम्पर्क वृद्धि गर्न सार्वजनिक सूचना, हेल्पडेस्क तथा सेवा मार्गदर्शन प्रभावकारी बनाउने।
- नियमित नागरिक सन्तुष्टि सर्वेक्षण सञ्चालन गरी सुधारका सुझावलाई नीतिगत तहमा समावेश गर्ने।
- गुनासो व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा अनलाइन, ट्र्याकिङ र फीडब्याकसहित लागू गर्ने।
- शाखाहरुविच समन्वय तथा सहकार्य मार्फत कार्य प्रक्रियालाई सरल र परिणाममुखी बनाउने।

**निष्कर्ष:**

सुशासन तथा स्थानीय सेवा समितिले आ.व. २०८२/८३ को अर्धवार्षिक अवधिमा सेवा प्रवाह सुधार, जनशक्ति व्यवस्थापन, राजस्व र आर्थिक प्रशासन, डिजिटल प्रणाली विस्तार, गुनासो व्यवस्थापन तथा अनुगमनजस्ता महत्वपूर्ण क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। यद्यपि, डिजिटल पूर्वाधार, बजेट तथा प्रक्रियागत चुनौतीहरू कायम छन्। तैपनि उपलब्ध स्रोत साधन र संस्थागत समन्वयको प्रभावकारी प्रयोगमार्फत सुशासन, पारदर्शिता, जवाफदेहिता तथा नागरिकमैत्री सेवा प्रवाहलाई अझ मजबुत बनाउँदै जाने प्रतिबद्धता समितिको रहेको छ। आगामी दिनमा प्रणालीगत सुधार, अनुगमन तथा डिजिटल प्रविधिको प्रयोगलाई सुदृढ गर्दै नगरपालिकालाई सक्षम, उत्तरदायी तथा नागरिकमैत्री बनाउने लक्ष्यका साथ काम अघि बढाउनुपर्ने देखिन्छ।

**प्रतिवेदक:**

**मधुदास श्रेष्ठ**

**सदस्य-सुशासन तथा स्थानीय सेवा समिति**

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-४

(निर्णय नं ६ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १८ औं अधिवेशन

मितिः २०८२/०८/१६

अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८२/८३ को प्रथम अर्धवार्षिक प्रतिवेदन

**पृष्ठभूमिः**

नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरियता र नियमितताको चेकजाँच गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यो समिति गठन भएको हो ।

**समितिको कार्यक्षेत्र**

नगरपालिकाको सार्वजनिक लेखासंग सम्बन्धित प्रचलित ऐन कानूनहरुको परिपालनाको अवस्थाको चेकजाँच गरी स्थानीय सरकारबाट प्रवाह हुने सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन, निर्देशन तथा सल्लाह सुझावहरु दिनु समितिको प्रमुख कार्य हो ।

(१) राजश्व र करका दरहरु बमोजिम कर संकलनको अवस्था अनुगमन गर्ने,

(२) विभिन्न योजना कार्यान्वयनको अवस्थामा खरिद लगायतका विषयमा हुने र हुनसक्ने अनियमितता र बेरुजुका बारेमा अनुगमन तथा पृष्ठपोषण गर्ने,

(३) लेखा राख्दा ऐन नियमको परिपालना गरे नगरेको चेकजाँच गर्ने,

(४) कार्यालयले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु नियमसंगत रहे नरहेको यकिन गरी आवश्यक सल्लाह सुझाब दिने,

(५) महालेखा परीक्षक र आन्तरिक लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गर्ने र बेरुजुको घटाउने उपायहरु अवलम्बन गर्ने,

(६) सभाले तोकेका अन्य थप कार्यहरु गर्ने ।

**समिति गठन**

कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलीय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिध्दान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित ५ सदस्यीय अर्थ तथा सार्वजनिक लेखा समिति गठन गर्नेछ । समितिको संयोजक र सदस्यहरुको चयन नगर सभाको निर्वाचनबाट गर्नेछ । समितिका सदस्यहरुको नामावली देहाय अनुसार रहेको छः

| | |
|---|---|
| १. वार्ड नं. १२ का अध्यक्ष श्री सुरेन्द्र बुढा | -संयोजक |
| २. वार्ड नं. ५ का सदस्य श्री कुल बहादुर रेउले | -सदस्य |
| ३. वार्ड नं. ४ का सदस्य श्री सुकलाल रोका | -सदस्य |
| ४. वार्ड नं. ९ का सदस्य श्री बेलधर बुढा | -सदस्य |
| ५. वार्ड नं. ११ का सदस्य श्री चोक कुमारी कवर | -सदस्य |

**हाल सम्म गरेका कार्यहरु**

यस समितिले आर्थिक वर्ष ०८२/८३ को हाल सम्म सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेका छन ।



प्रकाश भण्डारी
नगर प्रमुख

१. यस शारदानगरपालिकाको आ.व. ०७३/७४ देखि आ.व. ०८१/८२ हाल सम्म औल्याएका बेरुजुहरु फच्छयौटका लागि छलफल निरन्तर रुपमा गर्दै आइरहेको ।

२. यस नगरपालिकाको नगरसभाको १७औं अधिवेशनबाट नियमित गरिएका बेरुजुहरु फच्छयौटका लागि मिति २०८१/०८/०५ गते समितिको बैठक बसी NAMS मा प्रविष्टी गर्ने निर्णय गरिएको ।

३. कार्यालयबाट सञ्चालन भएका विभिन्न कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्ने गरिएको ।

४. आ.व. ०८१/८२ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा मिति २०८२/०८/१६ गतेका दिन यस समितिको बैठक बसी लेखा परीक्षणबाट औल्याएका बेरुजु सम्बन्धमा बेरुजु फच्छयौटका लागि सम्बन्धित व्यक्ति, संस्था, फर्म, कम्पनी तथा शाखाहरुलाई पत्राचार गर्ने निर्णय गरिएको ।

५. आ.व.०८०/८१ को बेरुजु फच्छयौटको लागी NAMS मा प्रबिष्ट गरेर महालेखा परीक्षकको कार्यालयमा पेश गरेकोमा सबै बेरुजु प्रतिक्रियाबाट फच्छयौट नभएको हुँदा नगरसभाबाट नियमित गर्नका लागि पेश गर्न कार्यपालिका समक्ष पेश गर्ने निणर्य गरियो साथै बेरुजु फच्यौटका लागि आवश्यक कागजातहरुको तयारी गर्ने कार्य गरियो ।

**कार्य सम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरु**

-आवश्यक कागजात तथा प्रमाणहरुको संकलन गर्दा समयमै कागजातहरु प्राप्त नहुने ।

-बेरुजु फच्छयौटका लागि महालेखा परीक्षकको कार्यालयमा आवश्यक कागजातहरु सहित पत्राचार गरेको आवश्यक समन्वय नगरेको ।

-फर्छयौट गर्नु पर्ने बेरुजु समेत मलेप बाट फच्छयौट समयमै नगरिएको।

-नयाँ प्रणालीमा रहेको त्रुटीका कारण समेत बेरुजु फच्छयौटका लागि केही दफाको बेरुजुको विवरण प्रबिष्ट गर्न नसकिएको ।

-प्रमाण पेश गर्न पत्राचार गरेको निकै कम व्यक्ति निकाय फर्म वा संस्थाबाट मात्र प्रतिक्रिया प्राप्त भएको ।

-अनुगमन कार्य प्रभावकारी ढंगले अगाडि बढाउन नसकिएको ।

**निष्कर्ष**

अर्थ तथा सार्वजनिक लेखा समितिले आफ्ना क्रार्यहरु संचालन गर्दा केही समस्या/चुनौतीहरु देखिएता पनि समस्याहरुलाई समाधान गरी समितिले गर्नु पर्ने कार्यहरु पूर्णरुपमा गर्न सकेमा यसले शारदा नगरपालिकाले प्रवाह गर्ने सेवा तथा विकास निर्माण सम्बन्धि कार्यहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन सहयोग गर्ने देखिन्छ ।

प्रतिवेदक
सुरेन्द्र बुढा
संयोजक- अर्थ तथा सार्वजनिक लेखा समिति

अनुसूची-५

(निर्णय नं ७ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगरसभाको १६ औं अधिवेशन

मिति २०८२।०८।१६

विद्यायन समितिको आ.व. २०८२।०८३ को अर्धवार्षिक प्रतिवेदन

आदरणीय नगरसभा अध्यक्ष ज्यू, एवं सम्पूर्ण सभा सदस्य ज्यूहरु।

प्रस्तुत विषयमा यस शारदा नगरपालिकाका अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुलाई स्थानीय सरकार संचालन ऐन,२०७४ को मर्म अनुरुप, मर्यादित, सरल, सर्वुलभ एवम् कानूनी प्रावधान अनुरुप संचालन गर्ने हेतुले यस नगरपालिकाको प्रत्येक कार्यपालिका बैटकबाट कानून निर्माण गर्ने, परिमार्जन गर्ने तथा बनाईएका कानूनको संसोधन गर्ने, कानून कार्यान्वयनको अवस्था समीक्षा गर्ने र दुरगामी असरबारे छलफल गर्ने गरिएको छ। आर्थिक वर्ष २०८२।०८३ को प्रथम अर्धबार्षिक अवधिमा **विधेयक १ वटा, निर्देशिका ३ वटा (१ संसोधन), कार्यविधि १२ वटा (३ संसोधन) गरी १६ वटा कानून** स्वीकृत गरेकोले सो अनुमोदनका लागि पनि सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु।

**समितिको कार्यक्षेत्र**

१. सभामा प्रस्तुत भई विधायन समितिमा पेश हुन आएका विधेयकहरुमा छलफल गर्ने।
२. कार्यपालिकाले स्वीकृत गरेका कानूनहरुको अध्ययम गरी सभामा प्रतिवेदन पेश गर्ने।
३. जनप्रतिनिधि तथा कर्मचारीका लागि कानूनी साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

**समितिका पदाधिकारीहरुको नामावली:**

१. वार्ड नं. ९ का अध्यक्ष श्री हेमेन्द्र कुमार बुढाथोकी -संयोजक
२. ~~वार्ड नं. २ का~~ सदस्य श्री रमा शर्मा -सदस्य
३. वार्ड नं. १५ का सदस्य श्री मोहन भण्डारी -सदस्य
४. वार्ड नं. ४ का सदस्य श्री सुरेश रावत -सदस्य
५. वार्ड नं. १० का सदस्य श्री ज्ञानेन्द्र कुमार कवर -सदस्य

२०८२ साउन देखि हाल सम्म कार्यपालिकाबाट अनुमोदित कानूनहरु:

**स्वीकृत कानूनहरुको विवरण:**

(१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२
(२) स्वयम् सेवक परिचालन निर्देशिका, २०८२
(३) छात्रवृत्ति वितरण निर्देशिका, २०८२
(४) कार्य सञ्चालन निर्देशिका, २०८१ (संसोधन २०८२)
(५) अति विपन्न तथा अभिभावक विहीन बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०८२
(६) नगर बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०८२ ,
(७) घर बहाल कर व्यवस्थापन कार्यविधि, २०८२
(८) आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१(संसोधन २०८२)
(९) बसपार्क व्यवस्थापन कार्यविधि, २०८२ (संसोधन २०८२)
(१०) उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
(११) लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२
(१२) बाल कोष सञ्चालन कार्यविधि, २०८२
(१३) कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
(१४) पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ (संसोधन २०८२)
(१५) सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा सम्बन्धी कार्यविधि, २०८२

प्रकाश भण्डारी
नगर प्रमुख

(१६) पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

यसरी नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समय-समयमा निर्माण भई कार्यान्वयन भईरहेको अवस्था छ। कतिपय कानूनहरु निर्माणको क्रममा विविध समस्या तथा चुनौतीहरु देखा परेको देखिन्छ। कानून निर्माण तथा परिपालनामा देखा परेका वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरु सामना गर्दै नगरपालिकाबाट चुस्त दुरुस्त सेवा प्रदान गर्नु अपरिहार्य छ।

**कानून निर्माणको सबलपक्षः**

- समय समयमा नगरपालिकालाई आश्यक पर्ने कानूनहरु निर्माण भई कार्यान्वयन भएको,
- कामकार्बाही तथा कार्यक्रमको संचालनको लागि प्रयाप्त मार्ग प्रसस्त भएको,
- सम्बन्धित कामकारबाही संगको कानूनी रिक्तता हटेको,
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रति नागरिकको अपनत्व बृद्धि भएको

**कानून निर्माणको दुर्वल पक्षः**

- कानून निर्माणमा जनप्रतिनिधिहरु र सरोकारवाला पक्षहरुसंग प्रयाप्त छलफलको कमि हुन,
- कानूनी ज्ञान तथा सचेतनाको कमि,
- कानून निर्माणसंग सम्बन्धित समितिहरुको अन्तरक्रिया तथा बहस बारे कम ध्यान जानु,
- कानून विज्ञ तथा परामर्शदाताको अभाव

**सुधार गर्नुपर्ने पक्षहरुः**

- कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
- कानून निर्माणको लागि आबश्यक पर्ने स्रोतसाधनको सम्बन्धमा नगरसभाले ध्यान दिनुपर्ने
- निर्माण भएका तथा स्वीकृत हुने कानून बारे व्यापक छलफल हुनुपर्ने,
- कानूनको परिपालना सम्बन्धमा समीक्षा हुनुपर्ने,
- कानून विज्ञ तथा ज्ञाताको परामर्स लिनुपर्ने।

**समग्रमाः** कानून निर्माणको क्रममा देखिने वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरुको सामना गर्दै नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समयमै निर्माण तथा संसोधन गरि कानूनहरु परिपालन गर्नु गराउनु र नगरपालिकाबाट प्रदान हुने सेवालाई चुस्त दुरुस्त बनाउन अपरिहार्य छ।

**प्रतिवेदकः**
**हेमेन्द्र कुमार बुढाथोकी**
**संयोजक-विद्यायन समिति**

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची- ६

(निर्णय नं. ८ संग सम्बन्धित)

शारदा नगरसभा

खलंगा, सल्यान

नगर सभाको १८ औं अधिवेशन

मिति: २०८२/०८/१६

